पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास-रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, बिन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659 9856034631, 9856082622



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क ८३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत २४ गते आइतबार ❑ 6 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## थाइल्याण्ड भ्रमण र बिम्स्टेक सम्मेलनमा सहभागिता सफल र सार्थक : प्रधानमन्त्री

रासस
काठमाडौं, २३ चैत

प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो थाइल्याण्डको औपचारिक भ्रमण तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) छैटौं शिखर सम्मेलनमा सहभागिता अत्यन्त सफल एवं सार्थक रहेको बताउनुभएको छ।



थाइल्याण्डको औपचारिक भ्रमण सम्पन्न गरी स्वदेश फर्केपछि त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा शनिबार आयोजित पत्रकार सम्मेलनमा उहाँले आफ्नो भ्रमणबाट दुई मुलुकबीच रहिआएको द्विपक्षीय सम्बन्धले थप उचाइ हासिल गरेको बताउनुभयो। प्रधानमन्त्री ओलीले थाइ समकक्षी पे थोङ्थान् शिनावातसँगको भेटमा दुई देशबीच व्यापार तथा लगानी, कृषि, पर्यटन तथा संस्कृति, शिक्षा तथा मानव संशाधन विकासलगायत आपसी हितका क्षेत्रीय एवं बहुपक्षीय मामिलामा सहयोग र सहकार्य गर्ने विषयमा फलदायी कुराकानी भएको जानकारी दिनुभयो। उहाँले बौद्ध धर्म एवं दर्शनले जोडेको सांस्कृतिक सम्बन्ध एवं छ दशकभन्दा लामो द्विपक्षीय घनिष्ठ कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने र यसको जगमा उभिएर दुई देशबीचको आर्थिक सम्बन्धलाई पनि समयानुकूल फराकिलो र गहिरो बनाउँदै दुई देशबीच सहमति भएको बताउनुभयो।

प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय लक्ष्य प्राप्तिमा नेपाललाई थाइल्याण्ड सरकारको सक्दो सहयोग रहने प्रतिबद्धता प्राप्त भएको जानकारी दिनुभयो। उहाँले कृषि, पर्यटन, पूर्वाधार विकास, सूचना प्रविधिलगायत क्षेत्रमा सहयोग गर्न थाइल्याण्ड सरकार तयार रहेको जानकारी दिनुभयो। "द्विपक्षीय सम्बन्ध सुदृढीकरण साथसाथै जलवायु परिवर्तन, दिगो विकास, विश्व शान्तिलगायतका साझा चासोका विषयमा क्षेत्रीय तथा बहुपक्षीय मञ्चहरूमा पनि आपसी सहयोग र सहकार्य थप बलियो र प्रभावकारी बनाउँदै जाने कुरामा दुवै पक्षबीच सहमति भएको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो। उहाँले भ्रमणका अवसरमा नेपाल सरकार र थाइल्याण्ड सरकारबीच आपसी सहयोग आदानप्रदान गर्ने सन्दर्भमा पर्यटन क्षेत्रमा सहयोग र सांस्कृतिक सहयोगसम्बन्धी सम्झौता एवं निजी क्षेत्रसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको जानकारी दिनुभयो।

प्रधानमन्त्री ओलीले आफूले थाइल्याण्डका प्रधानमन्त्री शिनावातलाई नेपाल भ्रमणको निम्ता दिएको जानकारी दिँदै उहाँबाट चाँडै नै नेपालको भ्रमण हुने अपेक्षा राखेको बताउनुभयो।

प्रधानमन्त्री ओलीले बिम्स्टेक सम्मेलनलाई सम्बोधन गर्दै बङ्गालको खाडी र विश्वभर सघन परिवर्तन आएको र आर्थिक असमानता, बढ्दो वातावरणीय जोखिम, राजनीतिक अनिश्चितता जस्ता साझा वैश्विक चुनौतीको सामना गर्न क्षेत्रीय सहकार्यलाई अझ सशक्त बनाउनुपर्नेमा जोड दिएको बताउनुभयो। "शिखर सम्मेलनको नारा 'समृद्ध, उत्थानशील र खुला बिम्स्टेक' ले दिगो विकासका लक्ष्यहरु प्रतिविम्बित गर्नुकासाथै नेपालको राष्ट्रिय आकाङ्क्षा 'समृद्ध नेपाल, सुखी नेपाली' लाई समेत प्रतिध्वनित गरेको कुरा मैले चर्चा गरेँ", उहाँले भन्नुभयो। प्रधानमन्त्री ओलीले वातावरणीय एवं अन्य क्षेत्रीय, अन्तरराष्ट्रिय चुनौतीबारे छलफल गर्न नेपालले आयोजना गर्न लागेको सगरमाथा संवादको पहिलो संस्करणमा सहभागिताका लागि बिम्स्टेक राष्ट्रका समकक्षीलाई पुनः आमन्त्रण गरेको जानकारी दिनुभयो। उहाँले सम्बोधनका क्रममा जलवायु परिवर्तनले समस्त मानव समुदायको अस्तित्वलाई नै खतरामा पारेको र एसियाको चिस्यान केन्द्र तथा विश्वको ताप शोषकका रुपमा रहेको नेपालको हिमशृङ्लामा जलवायु परिवर्तनको असर अझ अत्यधिक रहेको उल्लेख गरेको बताउनुभयो। भ्रमणका क्रममा म्यानमार र थाइल्याण्डमा महाभूकम्पका कारण ठूलो जनधनको क्षति भएकामा नेपाल सरकार, नेपाली जनता र आफ्नोतर्फबाट समवेदना प्रकट गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको उल्लेख गर्नुभयो। प्रधानमन्त्री ओलीले बिम्स्टेक क्षेत्रको विकास, समृद्धि र दिगोपनाको लागि 'बिम्स्टेक भिजन २०३० ' कार्यान्वयन गर्ने, क्षेत्रीयरुपमा उपलब्ध आर्थिक वृद्धिका अवसर हरुलाई उपयोग गर्नेलगायत विषय समेटिएको बैंकक घोषणापत्र जारी भएको बताउनुभयो। उहाँले सो शिखर सम्मेलनअघि बिम्स्टेकको मन्त्रीस्तरीय बैठकले मानव स्रोत विकास, सार्वजनिक स्वास्थ्य, शिक्षा, विज्ञान तथा प्रविधि, जलवायु परिवर्तनसम्बन्धी कार्ययोजनालाई पारित गरी यथाशीघ्र कार्यान्वयनमा लैजान जोड दिएको स्पष्ट पार्नुभयो। प्रधानमन्त्री ओलीले भ्रमणका क्रममा नेपाली र थाइ व्यवसायीसँग नेपालमा वैदेशिक लगानीका लागि उपयुक्त कानूनी, सामाजिक र आर्थिक वातावरण रहेको र वैदेशिक लगानीलाई सरल, सहज, सुरक्षित एवं प्रतिफलमुखी बनाउन नेपाल सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै लगानीका लागि आग्रह गरेको भनाइ राख्नुभयो। पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीका तर्फबाट तयार गरिएको प्रेस नोट परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले वाचन गर्नुभएको थियो।

प्रधानमन्त्री ओलीले बिम्स्टेक शिखर सम्मेलनका क्रममा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, श्रीलङ्काका प्रधानमन्त्री डा. हरिणी अमरसुर्या, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र म्यानमारका प्रधानमन्त्री मिन आङ ल्हाइङसँग भेटवार्ता गर्नुभएको थियो। भेटमा प्रधानमन्त्रीले नेपाल र ती मुलुकहरूबीच कायम रहँदै आएको मैत्रिपूर्ण सम्बन्धलाई अझ प्रगाढ बनाउने एवं द्विपक्षीय सम्बन्धका साथै बिम्स्टेक लगायत क्षेत्रीय तथा अन्य बहुपक्षीय सहयोग र सहकार्य थप सुदृढ बनाउँदै लैजाने विषयमा छलफल गर्नुभएको थियो। प्रधानमन्त्री ओली थाइल्याण्डका प्रधानमन्त्री शिनावात्को मैत्रिपूर्ण निमन्त्रणामा यही चैत १९ गते थाइल्याण्डको औपचारिक भ्रमण तथा बिम्स्टेकको छैटौं शिखर सम्मेलनमा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै त्यसतर्फ प्रस्थान गर्नुभएको थियो।

## पोखरामा खेलकुदसम्बन्धी ठूला पूर्वाधार निर्माण जरुरी: सञ्चारमन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता पृथ्वी सुब्बा गुरुङले पर्यटन राजधानी पोखरामा खेलकुदको विकासका लागि पोखरामा ठूला पूर्वाधार निर्माण जरुरी रहेको बताउनुभएको छ।




मदन भण्डारी स्पोर्टस् एकेडेमीको आयोजनामा पोखरामा शनिबारदेखि सुरु भएको केपी ओली कप' राष्ट्रिय खुला टी-२० पुरुष क्रिकेट प्रतियोगिताको उद्घाटन गर्दै आज उहाँले पोखरा खेलकुदको केन्द्र बन्ने प्रशस्त सम्भावना रहेकाले पूर्वाधार निर्माणमा सरकारले प्राथमिकता दिने बताउनुभयो। उहाँले पोखरा रङ्गशालाभित्रको क्रिकेट मैदानमा आवश्यक पूर्वाधार निर्माणका लागि आगामी आर्थिक वर्ष सरकारकोतर्फबाट बजेट व्यवस्था गर्नेसमेत प्रतिबद्धता जनाउनुभयो। "यस वर्ष क्रिकेट मैदानका लागि सक्दो बजेट विनियोजन हुन्छ, खेलकुद मन्त्रालयबाट प्रस्ताव आउला, त्यसमा मेरो जोड रहनेछ", सञ्चारमन्त्री गुरुङले भन्नुभयो।

पोखरामा क्रिकेट, फुटबल जस्ता खेलका लागि ठूला पूर्वाधार निर्माण आवश्यक रहेको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "पोखरा जस्तो सुन्दर ठाउँमा अन्तरराष्ट्रियस्तरका रङ्गशाला बनाउनु पर्दछ। कूटनीतिक कारणले खेल पूर्वाधार महत्वपूर्ण छ। केही देशका लागि पोखरा सन्तुलित स्थान समेत बन्न सक्छ।" उहाँले प्रतियोगितामा भाग लिन आउने खेलाडी, क्लब, प्रशिक्षक, रेफ्रीलाई शुभकामना व्यक्त गर्दै प्रतियोगिताबाट उम्दा र क्षमतावान् खेलाडी उत्पादन हुने विश्वास व्यक्त गर्नुभयो।

मदन भण्डारी स्पोर्ट्र्स एकेडेमीको आयोजनामा पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा सुरु भएको प्रतियोगितामा कूल १६ टोलीको सहभागिता रहेको एकेडेमीका अध्यक्ष धुव्र आचार्यले जानकारी दिनुभयो। प्रतियोगिता आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको विजेताले रु १० लाख र उपविजेताले रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

यसैगरी प्रतियोगिताको उत्कृष्ट खेलाडीले रु ३० हजार, उत्कृष्टबलरतथाउत्कृष्टब्याटरले जनही रु १० हजार र 'प्लेयर अफ द म्याच'ले रु पाँच हजार प्राप्त गर्ने एकेडेमीले जनाएको छ। एकेडेमीका संरक्षकसमेत रहनुभएकाप्रधानमन्त्रीएवंनेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीका नाममा प्रतियोगिता हो। पहिलो खेलमा स्याङ्जा क्रिकेट क्लबले पोखरा महानगर क्रिकेट क्लबलाई २३ रनले हराएको छ। १६२ रनको विजयी दिएको पोखरा महानगरपालिकालाई १३८ रनमा रोक्दै स्याङ्जाले विजयी सुरुवात गरेको हो। पोखराले २० ओभरमा ८ विकेट गुमाउँदै १३८ रनमात्रै जोड्न सक्यो। ओपनर आशिष न्यौपाने ५ रनमै आउट भएको पोखराका लागि स'मित श्रेष्ठले ५३ रनको योगदान दिएपनि जितका लागि पर्याप्त रहेन। उनले ४७ बलमा ८ चौका प्रहार गरे। प्रमोद बास्तोला २७ रनमा आउट भए। उनले २० बलमा २ चौका र २ छक्का प्रहार गरे। अभिनव शाह ३, धिरज अधिकारी ९, विष्णु प्रसाद शर्मा २८, हरि शंकर १, अन्जन केसी ४ रनमा आउट भए। स्याङजाका लागि लक्ष्मण डुम्रेले ४ ओभरमा २८ रन खर्चेर

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१



नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताहरू
◆जेष्ठ नागरिक भत्ता,
◆अन्य जेष्ठ नागरिक भत्ता,
◆एकल महिला भत्ता,
◆विधवा भत्ता,
◆पूर्ण अपाङ्गता भत्ता,
◆अति अशक्त अपाङ्गता भत्ता,
◆बाल पोषण भत्ता,
◆लोपन्मुख जाति भत्ता।
सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आफ्नो स्थानीय तहमा सम्पर्क गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड


## हिमपहिरामा हराएका चिनियाँ पर्यटकको शव भेटियो

पोखरापत्र संवाददाता
पोखरा, २३ चैत

पदयात्राका क्रममा कास्कीको अन्नपूर्ण गाउँपालिका-११ देउरालीस्थित चुमरुङमा हिमपहिरोमा परी बेपत्ता भएका २८ वर्षीय चिनियाँ नागरिक ई-चेङ युआनको १३ दिनपछि शनिबार शव फेला परेको छ।

सशस्त्र प्रहरी बल कालिका गण पोखराको विशेष विपद् उद्धार टोलीले आज बिहान देउराली चुमरुङस्थित मोदी नदी किनारबाट २० मिटर उत्तरतर्फ उहाँको शव फेला पारेको कालिका गणका गणपति प्रहरी उपरीक्षक सूर्यप्रसाद तिमिल्सिनाले जानकारी दिनुभयो। अन्नपूर्ण आधार शिविर(एविसी) को पदयात्रा सकेर घान्द्रुकतर्फ फर्कने क्रममा पर्यटक बेपत्ता भएपछि उनको खोजीमा प्रहरी टोली खटिएको थियो। प्रहरी उपरीक्षक तिमिल्सिनाका अनुसार उनको शव पोखरा ल्याउने तयारी भइरहेको छ। यही चैत ११ गते दिउँसो साढे १२ बजे कास्कीको अन्नपूर्ण गाउँपालिका-११ देउरालीस्थित चुमरुङमा हिमपहिरो गएको थियो।

बेसक्याम्पबाट फर्केका भारतीय पर्यटकले देउरालीमा गएको हिमपहिरामा एक जना पुरिएको सूचना प्रहरीलाई दिएका थिए।

पर्यटक हराएपछि स्थानीय बासिन्दा र नेपाल प्रहरीको टोलीले खोजी गर्दा फेला नपारेपछि कालिका गणबाट सशस्त्र प्रहरी निरीक्षक विश्वराज त्रिपाठीको कमाण्डमा यही चैत १६ गतदेखि प्रहरी टोली खटिएको थियो।

# इतिहासको स्वर्णिम पानामा सुरक्षित बनेका तारानाथ बराल

**शोभाकान्त सिग्देल**
पोखरा, २३ चैत



हरेक भेटमा मन पर्ने बाबु शोभाकान्त । कुनै टोल विकास संस्थाको कार्यक्रम होस । कुनै मिटिङमा भेट भयो कि मलाई मन पर्ने बाबु भनेर वाक्य पस्कने हजुर आज सुन्य बनाएर जानु भयो । मलाई मात्र नभै पोखरेली हुँदै गण्डकी प्रदेश नै सुन्य भयो आज ।

तारा भिनाजुको मृत्युले मानिस मात्र नभै दिनभरी जसो मौसम पनि धमिलो रह्यो । विहान सूर्य उदयसँगैको चम्कीलो मौसम पनि भिनाजुको मृत्युले प्रकृति नै विसन्चो बन्यो । जाहाँ एउटा व्यक्ति, परिवार, समाजमा असल बन्दै वडा, जिल्ला ,प्रदेश र राष्ट्र बनाउनको लागि सवै भन्दा पहिला शिक्षा आबश्यक पर्दछ । शिक्षाको महत्व बुझे मात्र त्यसको आबश्यक महशुस हुदैछ । कुनै समाजमा सम्मानित व्यक्ति भएर जिउनको लागि शिक्षाले सवै भन्दा ठूलो भुमिका खेलको हुन्छ । हरेक टोल टोलमा जाँदा तपाईंलाई सम्मानको गुच्छाले स्वागत हुन्छ जसको पछाडि तपाईंको शिक्षा हो । एउटा जीवनको जति महत्व छ त्यतिनै शिक्षाको पनि महत्व छ । कुनै पनि शिक्षा सस्थामा सेवा गर्ने अवसर पाउनु हुन्छ भने त्यो शिक्षकै कारण हो । उनै वरालले त्रिभुवन विश्वविद्यालय काठमाडौवाट राजनीति शास्त्रमा एम ए उर्तिणा गर्नुभएको थियो । विस. २०३६ सालदेखि शिक्षा दिन सुरु गरेता पनि आज जीवनमा उच्च मुल्याकंन भएर २१ सय भन्दा बढि विद्यार्थीको अभिभावक बन्न सफल हुनुभएको थयो प्राध्यापक तारानाथ वराल । विसं २०११ साल कार्तिक २१ गते कास्कीको उत्तर, पूर्वी भाग तप्राङ हाल मादी गाउँपालिका वडा नं ६ मा स्वर्गिय पिताजी चुडामणी वराल र आमा देउमाया वरालको कोखवाट जन्मनु भएको हो प्रा. वराल । पोखरा वडा नं १३ बाँभापाटनमा विस. २०२८ साल देखै स्थायी रुपमा बस्दै आउनु भएको थियो । उनै शिक्षासेवी, लेखक तथा मानवअधिकारकर्मी तारानाथ बरालको शनिबार निधन भयो । त्यसैले आज हामीले एक असल अभिभावक गुमाएका छौ । जस्तो रुप उस्तै व्यवहार । सदैव हँसीलो अनुहार । कसैले हामी माझ जीउँदो मान्छे को हुनुहुन्छ भनेर सोध्नु भयो भने उनै भिनाजु वरालको नाम लिन सक्छु । भिनाजुलाई चिने जाने देखी हाम्रो आफन्तको कसैको घरमा आइपरेको समस्यामा एक पटक नाम जप्ने नाम हो प्रा. वराल । तर जति प्यारो र मायालू भए पनि यस संसारवाट विदा भएर जानै पर्दछ । त्यसैले हरेक जीवनको शुरुवातसंगै एउटा ध्रुर्वसत्यता पनि संगै हुन्छ त्यो हो मृत्यु । सजीव भएर जन्मेपछि जीवन छोटो वा लामो होला तर सवैको अन्त्य निश्चित छ । तथापि यो तितो यर्थाथलाई भुलेर जीवन र मृत्युबिचको अवधि भित्र आफ्नै तरिकाले जिउने प्रयास सबैको हुन्छ । जीवन चउरेली पिङको पिर्का जस्तै हो । पिर्का कहिले माथी कहिले तल भए झै ढीलो चाँडो यो संसारबाट अवश्य पनि विदा हुनुपर्छ । जीवनको जीउने क्रममा कसको मृत्यु कसरी हुन्छ ? भनेर आज सम्म कसैले पनि भन्न सकेको छैन । मानीसको मृत्यु पश्चात हरेकमा केही न केही उल्लेखनीय छाप छाडेर गएको पाइन्छ । हरेकको मुटु सरी टाँसीन सफल भिनाजुको श्रीमती सरस्वती वराल, ४ छोरी र एक नाति र दुई नातिनी हुनुहुन्छ । श्रीमती अवकासप्राप्त शिक्षक हुनुहुन्छ । जसले जीवनलाई जसरी बुझ्यो त्यसैलाई सत्य मानेर हिड्ने हो । भित्री रहस्य थाहा नपाउँदासम्म वास्तवमै जीवन त्यहिनै हो । तर जब भित्री रहस्य थाहा लाग्छ बाहिरी आँखाले देखेको आधारमा बिताएको जीवन अति फिक्का लाग्ने छ । जस्तो नुन बिनाको तरकारी । यस्तै हो वास्तवमा भित्री शक्तिसँग नजोडिएको, भित्री रहस्य थाहा पाइनसकेको र त्यस संस्कारमा आधारित रहेर त्यसकै इसारामा बाँच्न नसकेको जीवन । यहाँ जिउने तरिका त अर्कै रहेछ। ज्ञान बाहिरी कुरा पढेर होइन आफै भित्रबाट प्रस्फुटित हुँदोरहेछ भन्ने वाक्यहरुले हरेक भेटमा पस्कने वानी थियो प्रा. वराललको । उनै वराल पोखरा महानगरपालिका शिक्षा निमावली २०७४ को परिच्छेद ५ को नियम २९ को उपनियम २ अनुसार वडा नं १३ स्थित भद्रकाली माविमा प्रा. तारा वराललाई सर्वसम्मत रुपमा व्यवस्थापन समितिको अध्यक्ष पदमा चयन हुनु भएको थियो । भद्र, सालिन र शिक्षाविद प्रा. वरालले धौलागिरी क्याम्पस बगलुङवाट सहायक प्राध्यापक भई आफ्नो शिक्षा अध्यापन सुरु गर्नुभएको थियो ।

वि.स २०३९ सालमा पोखराको पृथ्वीनारायण क्याम्पसमा सरुवा हुनु भयो । पृथ्वीनारायण क्याम्पसमा प्रवेश पछि २०४४ सालमा तनहुँको भानुभक्त क्याम्पसको प्रमुख रहि शिक्षा क्षेत्रमा ज्वलन्त उदाहरणीय कार्य गर्नुभयो । दिनप्रतिदिन शिक्षा क्षेत्रमा तिखारिँदै जाने क्रममा त्रिभुवन विश्वविद्यालयको सह परीक्षा नियन्त्रक भएर २०६५ देखि ६८ साल सम्म कार्य समाल्नु भयो । भद्रकाली माविमा २०४० सालदेखि आज सम्म विभिन्न समिति तथा उपसमितिमा रहेर निश्वार्थ रुपमा लामो समय सम्म सेवा गरिरहुन भयो । भद्रकाली बहुमुखी क्याम्पसको व्यवस्थापन सदस्यमा रहि शिक्षाको ज्योति फैलाउन सफल वराल वडा नं १३ स्थित जनकल्याण समितिका सस्थापक सदस्य हुन् ।

कमलपोखरी सहकारी र टेकवहादुर कृष्णवहादुर ढेवाजू प्रतिष्ठानमा अध्यक्ष पदमा रहेर कार्य गर्नुभएको लामो अनुभव छ वरालसँग । उनै वराल मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियानको संस्थापक केन्द्रिय सदस्य, ,मानव अधिकार संगठनको जिल्ला अध्यक्ष, राष्ट्रिय बुद्धिजिवी संगठनका केन्द्रिय सदस्य रहेर अहोरात्र कार्य गरेको अनुभव छ । प्रा. वरालको उच्च मुल्याकंन गर्दै माहारुद्र मावि तप्राङ्ग रत्नवाट २०६४ सालमा सम्मानित भइसकेका वराल जर्जजोन शिक्षा प्रतिष्ठानवाट पनि सम्मानित भइसकेका छन् । वडां १३ कै शिक्षाका ज्योति प्रा वराल अफ्नो पेशावाट २०७४ कार्तिक २१ गते निवृत भएका हुन् । उहाँका केही पुस्तकहरू प्रकाशित छन् भने थुप्रै लेख, रचना तथा विचारमूलक सामग्रीहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । सरल, सहज र विनम्र स्वभावका बराल भिनाजु आफ्ना सहकर्मी, विद्यार्थी तथा सिंगो शैक्षिक समुदायमा लोकप्रिय हुनुहुन्थ्यो । आज हामीलाई सबैको प्रिय सिग्देल टोलका ज्वाँइ तथा भिनाजु प्रा. वरालको निधनको खबर सुनेर गहिरो शोक परेको छ । उहाँको जीवनले हामी सबैलाई प्रेरणा दिएको थियो । उहाँको अडिग आत्मा र साहसले धेरैलाई मार्गदर्शन गरेको थियो । उहाँले आफ्नो जीवनमा अपार माया र सहयोग दिएको थियो र उहाँको सम्झनाले हामीलाई सधै प्रेरित गर्नेछ । भिनाजु वराल २०८१ चैत्त २३ गते शनिवार ७१ वर्षको उमेरमा भएको निधनले मर्माहत बनाएको छ । तर उहाँको अमूल्य योगदान र मार्गनिर्देशनको स्मृतिसँगै उहाँ हामीमाझ सदैव जीवित रहनु हुनेछ । यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजन र आफन्तजनलाई वेदना सहज गरी धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान् गरुन भनी हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु । वरालको शनिवार नै रामघाटमा धार्मिक परम्परा अनुसार अन्तिम संस्कार गरिएको छ ।

# पिसिएममा शिक्षण र सिकाइ: चुनौती र रणनीति विषयक कार्यशाला

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

पोखरा कलेज अफ म्यानेजमेन्टले 'शिक्षण र सिकाइ : चुनौती र रणनीति' विषयमा एक दिवसीय कार्यशाला कार्यक्रम सम्पन्न गरेको छ ।

पोखरा इभेन्ट सेन्टरमा आयोजित उक्त कार्यशालामा कूल ४० जना शिक्षक तथा कर्मचारीहरूले सहभागिता जनाएका थिए । कार्यशालाको उद्घाटन गर्दै कलेजकी प्रिन्सिपल लीना नेगी श्रेष्ठले यस्तो कार्यक्रमले शिक्षकहरूलाई सशक्त बनाउने र विद्यार्थी केन्द्रित शिक्षण विधिबाट गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरिन् । कार्यशालामा प्रशिक्षक दीपेन्द्र पहारीले सहजीकरण गरे । उनले विविध सिकाइ



शैली र विद्यार्थी संलग्नता, प्रविधि समायोजन र डिजिटल उपकरणहरूको प्रयोग, मूल्याङ्कनका कठिनाइहरू तथा शिक्षकको कार्यभार र पेशागत विकास जस्ता समसामयिक शैक्षिक चुनौतीहरूमाथि प्रस्तुती दिएका थिए । कार्यक्रमको अन्त्यमा बीसीएसआईटी संयोजक हरि बरालले समापन मन्तव्य व्यक्त गर्दै यस्ता कार्यशालाले शिक्षण विधिमा नवीन सोच र अभ्यासको विकास हुने उल्लेख गर्नुभयो । कार्यक्रमको सञ्चालन बीबीएका संयोजक सरोज कुँवरले गरेका थिए । पोखरा विश्वविद्यालयसँग सम्बन्धन प्राप्त पोखरा कलेज अफ म्यानेजमेन्ट सन् २००२ मा स्थापना भएको हो । कलेजले ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन, ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन इन फाइनान्स तथा ब्याचलर इन कम्प्युटर सिस्टम एन्ड इन्फरमेसन टेक्नोलोजी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

# आलु महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

आइतबारदेखि १३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव सुरु हुँदैछ । महोत्सवको सम्पूर्ण तयारी पुरा भएको र पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले उद्घाटन गर्ने कार्यक्रम रहेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष समेत रहनुभएका मूल आयोजक समितिका संयोजक वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ संचालन हुन लागेको उक्त महोत्सवका आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो, बोटविरुवा परीक्षण तथा रोगको निदान रहेका छन् ।

त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकार हरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि रहेको आयोजक विष्णुपादुका क्लवले जनाएको छ । महोत्सव सुरु हुनुपुर्व बाजागाँजा, कृषि



झाँकी सहित विष्णुपादुका माइस्थानबाट शोभायात्रा सुरु हुने र उक्त शोभायात्रा मिलनचोक, नहरचोक, साँझाचोक, सोतीपसल हुँदै महोत्सव स्थल विष्णुपादुका खेल मैदान पुग्ने कार्यक्रम छ ।

महोत्सव प्रवेशका लागि साधारणतर्फ रु. ८० तथा विद्यार्थीका लागि ५० दरको टिकट व्यवस्था गरिएको छ ।त्यस्तै रु.२०० मा महोत्सव अवधिभरका लागि स्थानीय पासको बन्दोवस्त समेत मिलाइएको र महोत्सवमा प्रतिकेजी ४२ रुपैयाँमा आलु कारोवार हुने मूल आयोजक समितिका महासचिव हिम्मत थापाले जानकारी दिनुभयो ।

वि.सं. २०७८ को जनगणना अनुसार हेमजामा कुल ३ हजार ५ सय १७ घरमा २२ हजार ५ सय ३२ मानिस वसोबास गर्दछन् । हेमजाको कुल १३ हजार ५ सय हेक्टर क्षेत्रफल मध्ये ५ सय ५० हेक्टरमा आलु खेती गर्ने गरिन्छ । त्यहाँका २ हजार घरपरिवार कृषिमा आधारित रहेकोमा १ हजार ५० कृषकले व्यवसायिक आलु खेती गर्दै आउनुभएको छ । त्यहाँ प्रति रोपनी आलुको औसत उत्पादन लागत रु.१८ हजार ५ सय ५७ रहेकोमा औसद उत्पादन ७ सय ५ केजी प्रतिरोपनी रहेको तथ्याङकमा उल्लेख छ । हेमजामा उत्पादन भएका आलु तथा अन्य ताजा तरकारीका वृहत प्रदर्शन एवम् प्रचारप्रसार गर्ने, हेमजालाई व्यवसायिक कृषि पर्यटन क्षेत्रका रुपमा देश विदेशमा चिनाउने, क्लब भवन निर्माणका साथै तरकारी संकलन तथा बिक्री वितरण केन्द्र निर्माण गर्ने एवम् विष्णुपादुका बहुउद्देश्यीय भवन निर्माणलाई पूर्णता दिने उद्देश्यका साथ महोत्सव गर्न लागिएको हो । आइतबारदेखि सुरु हुने महोत्सव यहि वैशाख ३ गतेसम्म संचालन हुनेछ ।

# पोखरामा ...

सर्वाधिक ३ विकेट लिए । यस्तै तुल्सिराम न्यौपानेले २ तथा मिलन लुटेल र किरण भट्टराईले १/१ विकेट लिए ।

त्यस अघि टस जितेर ब्याटिङ रोजेको स्याङ्जाले २० ओभरमा ६ विकेट गुमाउँदै १६१ रन बनाएको थियो । स्याङजा कालागि अस्विन रानाले अविजित रहँदै सर्वाधिक ४६ जोडे । उनले ३० बलमा ५ चौका र २ छक्का प्रहार गरे । किरण भट्टराई २३ रनमा अविजित रहे । उनले १२ बलमा ३ चौका र १ छक्का प्रहार गरे । ओपनर करण पगेनी २० रनमा आउट भए । उनले १७ बलमा १ चौका र १ छक्का प्रहार गरे । इशवर क्षेत्रीले १६ बलमा २ चौका र २ छक्काको मद्धतमा २४ रन बनाउँदै आउट भए । विशाल कोइराला शुन्य, सुजन गौतम १४, मिलन क्षेत्री ६, सन्दिम खत्री क्षेत्री २३ रनमा आउट भए । पोखराका लागि समिर भुजेल र अन्जन केसीले समान २/२ विकेट लिए भने सुवाष वास्तोला र मार्सल बरालले १/१ विकेट लिए ।

दोस्रो खेलमा काठमाडौंले हेटौडालाई ११ रनले हरायो । १५२ रनको विजयी लक्ष्य पाएको हेटौडा २० ओभरमा १४० रनमै अलआउट हुन पुग्यो । हेटौडाका लागि सुभ कंशाकरले ५४ रनको अर्धशतकीय इनिङ खेलेपनि जितका लागि पर्याप्त भएन । उनले २४ बलमा ९ चौका र २ छक्का प्रहार गरे । ओपनर गौरभ खड्का ८ रनमै आउट भए । सुमन सुनार ३८ रनमा आउट भए । उनले ३४ बलमा ३ चौका र १ छक्का प्रहार गरे । य'विन बुढाथोकी १२, अकिलेश ठाकुर १, सक्षम वस्ताकोटी १३, रामनरेश गिरि ४, विशाल फुयाल १, अशिम श्रेष्ठ शुन्य र समिर चौलागाईं १ रनमा आउट भए । काठमाडौका लागि सुर्य तामाङ र युशिन विक्रम सिंह ठकुरीले समान ३/३ विकेट लिए भने मनोज यादवले २ विकेट लिए ।


## गण्डकी प्रदेश भित्रका कृषक वर्गमा मन्त्रालयको अनुरोध

- यस मन्त्रालयले जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मार्फत कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालनका लागि कृषि ऋण लिएका कृषकहरुलाई अधिकतम तीन वर्षका लागि ऋणको ५% (पाँच प्रतिशत) व्याज रकम अनुदान उपलब्ध गराउँदै आएकाले सम्बन्धित जिल्लाबाट यस अवसरबाट लाभान्वित हुन कृषि ऋण लिएका र हालसम्म व्याज अनुदान नपाएका कृषि पेशासँग सम्बन्धित सबैमा अनुरोध गर्दछौं ।
- बाली बिमा गरेका कृषकहरुलाई सम्वन्धित कृषि ज्ञान केन्द्र मार्फत विमा शुल्क (प्रिमियम) को रकम अनुदान उपलब्ध गराईने भएकोले बाली बिमा गरी जोखिम न्यूनिकरण गर्दै आफ्नो लगानी सुरक्षित गर्नुहुन अनुरोध गर्दछौं ।
- उल्लेखित कार्यक्रमहरुको बारेमा थप जानकारीका लागि मन्त्रालयको वेवसाइट www.molmac.gandaki.gov.np बाट कार्यक्रमसँग सम्बन्धित मापदण्डहरू डाउनलोड गर्न तथा सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**गण्डकी प्रदेश सरकार**
**पोखरा, नेपाल**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्वन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

– बिदुरनीति

## सम्पादकीय

# कानुनी र नैतिक बलको तागत

हामी कानुनको शासनमा विश्वास गर्छौं भन्ने व्यवहार कानुनलाई हातमा लिने काम काठमाडौं महानगरले देखाएको छ । काठमाडौंले जे गर्छ अन्य महानगर र नगर पालिकाले त्यही सिको गर्नुपर्छ भन्ने जमात अहिले काठमाडौं महानगरका मेयर बालेन शाहको ब्यबहार देखेर अपरिपक्व भन्न बाध्य भएका छन । बिहीबारको रवैयाले कानुनलाइ धज्जी उडाएको छ। प्रहरीलाई मेयरको निजी गार्ड बनाउने बालेन र राजु पाण्डेप्रति कानुनी कारबाहीको माग गर्न थालिएको छ । काठमाडौं महानगरपालिकाको महानगर प्रहरी ऐन, २०८० अनुसार महानगर प्रहरीको परिचालन, निर्देशन, र नियन्त्रण गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतसँग स्पष्ट रूपमा तोकिएको छ। ऐनको परिच्छेद २, धारा ५ मा भनिएको छ ।

"महानगर प्रहरीको परिचालन, रेखदेख, नियन्त्रण र निर्देशन दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ र निजको आदेश र निर्देशन पालन गर्नु प्रत्येक महानगर प्रहरीको कर्तव्य हुनेछ ।" तर विडम्बनापूर्ण रूपमा, ऐनको यो स्पष्ट व्यवस्था हुँदाहुँदै पनि काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र महानगर प्रहरी प्रमुख राजु पाण्डे मिलेर महानगर प्रहरी बललाई गैरकानुनी रूपमा सञ्चालन गर्दै आएको यथार्थ सार्वजनिक भइरहेको छ। सबैभन्दा चिन्ताजनक पक्ष के छ भने, ऐनबमोजिम आदेश दिने अधिकारी प्रमुख प्रशासकीय अधिकृतलाई नै कार्यालयमा उपस्थित हुन नदिने, काम गर्न नदिने, र उनलाई जबर्जस्ती पदमुक्तजस्तै गर्ने प्रयास भएको देखिन्छ । जब जनप्रतिनिधिहरू, उपमेयर, र कर्मचारीहरूले मिलेर कानुनी प्रक्रियाअनुसार प्रशासकीय अधिकृतलाई कार्यालयमा फर्काउन खोजे, त्यसलाई रोक्नकै लागि सिङ्गो प्रहरी बल परिचालन गरिनु पूर्णतः अराजक र गैरकानुनी कार्य हो । यसरी कानूनको उल्लंघन गर्दै, आफ्नो पदको दुरुपयोग गरेर मौखिक आदेशमार्फत कार्य गर्ने मेयर बालेन र त्यसलाई बिना आपत्ति कार्यान्वयन गर्ने राजु पाण्डे दुवैजना कानुनी कारबाहीको दायरामा पर्नुपर्छ ।

लोकतन्त्रमा पदभन्दा माथि कानून हुन्छ । यदि कानूनको पालना गर्ने जिम्मेवार व्यक्तिहरूले नै कानून मिच्ने हो भने त्यो सत्ताको सर्वसत्तावादमा परिणत हुन सक्छ। त्यसैले अविलम्ब निष्पक्ष छानबिन र कारबाही अपरिहार्य देखिन्छ। सामाजिक संजालमा चर्चित भएको दम्भ प्रदर्शन गरे जस्तो महानगर चल्दैन भन्ने स्पष्ट भएको छ । आफूलाई सर्वेसर्वा ठान्ने भ्रमबाट मुक्त हुन सकेमा बिहेको शासन कायम गर्न सकिन्छ । महानगरपालिकाका प्रमुख बालेनले काठमाडौं टावरको अनधिकृत निर्माणका लागि अनुमति दिएको आरोप लगाउँदै प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईंलाई साढे ३ महिनासम्म महानगरमा छिर्न दिएनन् । लामो समयदेखि प्रशासकीय अधिकृतको अभावमा महानगरपालिकाको आर्थिक, प्रशासनिकसहितका थुप्रै काम रोकिए । साढे ३ महिनापछि गुरागाईंलाई महानगरमा भित्र्याएको दिन उपप्रमुख सुनिता डंगोलले कानुनी र नैतिक तरिकाले प्रस्तुत भएर सामाजिक संजालबाट महानगर हाँक्न खोज्ने मेयर बालेन र कानुन भन्दा मेयरको मौखिक आदेशमा चल्ने राजु पाण्डेलाई झुकाउन सकिन। महानगर बोर्ड सदस्य, कर्मचारी र जनताको साथले गर्दा बालेनले रोक्न खोज्दाखोज्दै डंगोलले जनप्रतिनिधि र कर्मचारीको साथ लिएर गुरागाईंलाई हाजिर गराइन् । बालेनले गुरागाईंको कार्यकक्षमा ताला लगाएका थिए । कार्यालयमा उपस्थित नभएका बालेनले नगर प्रहरी लगाएर गुरागाईंलाई रोक्न खोजे पनि सफल भएनन् । कर्मचारी र जनप्रतिनिधिको बलमा ताला तोडेर डंगोलले कामलाई सुचारु गराइन् । फेरि शुक्रबार प्रशासकीय अधिकृत हाजिर भए । अनि ६ महिनादेखि रोकिएको कर्मचारीको तलब निकासाको प्रक्रिया खुलाए । दोस्रो दिन गुरागाईंलाई कार्यालय प्रवेशमा नगर प्रहरीले अवरोध गरेन । बरु स्वयं नगर प्रहरी प्रमुखले आत्मालोचनासहित सलाम ठोकेर स्वागत गरे ।

आफूलाई काम गर्न सहज नहुने भन्दै बालेनले गुरागाईंको सट्टा अर्कोलाई प्रमुख प्रशासकीय अधिकृत पठाउन माग गर्दै आएका थिए । तर, बालेनसँग काम गर्न अरू तयार नभएको बहानामा सरकारले अर्को व्यक्ति पठाएन । गुरागाईंमाथि प्रभावकारी छानबिन नै नभइकन बालेनले उनलाई दोषी करार गरेका थिए । जनप्रतिनिधिले कार्यपालिका बैठक डाक्न पटक-पटक आग्रह गरे पनि बालेन बेवास्ता गर्दै हिँडिरहेका छन् । बालेनभन्दा ६ हजार ८४५ मत बढी ल्याएर विजयी भएकी सुनिताले बिहीबार आफूलाई आवेगभन्दा जिम्मेवार नेताको रूपमा प्रस्तुत गरिन् । उपप्रमुख सुनिता डङ्गोल कानुनबमोजिम चल्न सकेका कारण सामाजिक संजालबाट चर्चामा रमाइरहने बालेनलाई समेत पछाडि हट्न बाध्य पारेकी छन । कानुन भन्दा व्यक्ति ठूलो ठान्ने जमातलाई पनि सोच्न बाध्य पारेको छ। मेयर बालेन प्रहरी प्रमुख पाण्डे र सामाजिक संजालको जमात पनि बिधिको शासन भन्दा माथि हुँदैन भन्ने सन्देश काठमाडौंले दिएको छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# ह्विलचियरमा बसेर नौमती बाजा बजाउँदै

**रासस**
बागलुङ, २३ चैत

चैतेदसैंको अवसरमा कालिका मन्दिर पुग्ने जङ्गलको बीच भागमा नौ जनाले नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहनुभएको छ ।

पोखरा आसपासको क्षेत्रमा बसोबास गर्ने उहाँहरूले शुक्रबारदेखि कालिका मन्दिर परिसरमा नौमती बाजा बजाएर घरखर्चको जोहो गरिरहनुभएको हो । नौमध्ये दुई जना मात्रै सबालाङ्ग हुनुहुन्छ । उहाँहरूको समूहमा दुई महिला र सात जना पुरुष सहभागी हुनुहुन्छ ।

बागलुङको कालिका मन्दिर दर्शनका लागि कालिका बालउद्यानबाट मन्दिरतर्फ जाने बाटोमा ह्विलचियरमा बसेर बाजा बजाएको दृश्यले सबैलाई आकर्षित गर्दछ । नौमती बजाउनेमध्ये सात जना शारीरिक रूपमा अशक्त रहेको ध्रुव नेपालीले बताउनुभयो । ह्विलचियरमा बसेर नौमती बाजा बजाउन सिकेको उल्लेख गर्दै यो सीपले जीविकोपार्जनमा सहज भएको बाजा बजाउँदै उहाँले जानकारी दिनुभयो । "अपाङ्गता भएकाहरू एकजुट भएर बाजा बजाउन सिकेका हौँ । ढाड भाँचिए पनि परिवारको खर्च जुटाउनुपर्ने बाध्यता छ। त्यसै मागेर हिड्नुभन्दा नौमती बाजा बजाएर कलाको संरक्षणसँगै खर्च सङ्कलनको पहल थालेका हौँ । बाजा मन पर्नेले दिनुभएको रकमबाट घर खर्च चल्ने गरेको छ", उहाँले भन्नुभयो, "कामसहित प्रतिभा देखाए सबैले माया गर्नुहुन्छ । सङकलन भएको रकम नौ जनाले बाढेर घर खर्चको जोहो गर्दछौँ ।" दाताहरूले दिनुभएको थोरै रकमले पनि आफूहरूलाई राहत मिल्ने गरेको जनाउँदै मेला, पर्व तथा मानिसको आवतजावत र घुइँचो बढी हुने क्षेत्रमा ह्विलचियरमै बसेर नौमती बाजा बजाउने गरेको भुमिराज थापाले बताउनुभयो । समूहमा सात जना अपाङ्गता भएका व्यक्ति रहेको जनाउँदै उहाँले सातै जनाको ढाडसम्बन्धी समस्या रहेको उल्लेख गर्नुभयो । कसैको भिरबाट लडेर, कसैको सवारी दुर्घटनामा परेर ढाड भाँचिएपछि ह्विलचियरको सहारा लिँदै आएको उहाँको भनाइ छ । "सबैमा ढाडको समस्या छ, उहाँहरू हिड्न सक्नुहुँदैन । ह्विलचियरमा बसेरै बाजा बजाएर सङ्कलन भएको रकमले घर खर्चको जोहो हुँदै आएको छ । चैतेदसैं मेलामा अझै तीन दिन बाजा बजाएर पोखरा फर्कने योजना छ", थापाले भन्नुभयो, "अपाङ्गताले प्रतिभालाई छेक्ने रहेनछ, अहिले मेला महोत्सवमा बाजा बजाउँदा धेरैले माया र सम्मान गर्नुहुन्छ ।"

शारीरिक अपाङ्गता भएकाले टाढाटाढा जान भने समस्या भएको धना मगरले गुनासो गर्नुभयो । "शारीरिक रूपमा अशक्त भएपनि कला र प्रतिभा देखाउन सकेमा यसको संरक्षण हुनुका साथै जीविकोपार्जनमा पनि सहजता हुन्छ", उहाँले भन्नुभयो । उहाँले सडकको पहुँच पुगेका स्थानमा बाजा बजाउन जान सहज हुने बताउँदै मेला, पर्वमा आफूहरू बाजा बजाउँदै आएको अनुभव सुनाउनुभयो ।

# गौ संरक्षण केन्द्रका लागि दुई लाख सङ्कलन

**पोखरापत्र संवाददाता**
दमौली, २३ चैत

जिल्लाको शुक्लागण्डकी नगरपालिका-९ घाँरीस्थित गौ संरक्षण केन्द्रका सामाजिक सञ्जालबाट दुई लाख सङ्कलन भएको छ । केन्द्रका लागि शुक्लागण्डकी-६ खैरेनीटार निवासी युवा व्यवसायी राजेश पाण्डेले सामाजिक सञ्जालमार्फत रु एक सय अभियान सञ्चालन गरी रु दुई लाखभन्दा बढी रकम सङ्कलन गर्नुभएको हो ।

गौ संरक्षण केन्द्रमा रहेका गाईहरूको व्यवस्थापनका लागि पाण्डेले एक महिनासम्म सञ्चालित उक्त अभियानबाट रु दुई लाख २१ हजार ९१६ सङ्कलन भएको जानकारी दिनुभयो । उहाँका अनुसार यस अभियानमा चार सय १६ जनाले सहयोग गरेका छन् । सामाजिक सञ्जालबाट सुरु भएको अभियानमा प्रतिव्यक्ति न्यूनतम रु एक सय सङ्कलन गर्ने लक्ष्य राखिए पनि कतिपयले स्वतःस्फूर्त रूपमा बढी रकम प्रदान गर्नुभएको पाण्डेले उल्लेख गर्नुभयो । उहाँका अनुसार अनुसार बढीमा रु १६ हजार सहयोग दिने दाता पनि हुनुहुन्छ ।

उहाँले भन्नुभयो, "एक थुकी सुकी, हजार थुकी नदी भन्ने नारा नै छ । सङ्कलित उक्त रकमबाट गौ संरक्षण केन्द्रका लागि दाना र चोकर खरिद गरेर केही दिनभित्रै उपलब्ध गराउँछौँ ।" सङ्कलित रकम र रकम दिनेको नामावली सामाजिक सञ्जालबाट पारदर्शीताका लागि प्रकाशित गरिएको पाण्डेले बताउनुभयो ।

छाडा रूपमा छाडिएका पशुचौपाया व्यवस्थापनका लागि केन्द्र स्थापना गरिएको भन्दै यसको सञ्चालनका लागि केही सहयोग पुगोस् भनेर यो अभियान सुरु गरेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "व्यवसायसँगै सामाजिक काममा रुची भएकाले यो अभियान थालेको हुँ ।" केही समय विदेशमा बस्नुभएका उहाँले स्वदेशमा केही गरौं भन्ने भावनासहित अहिले जन्म ठाउँमा व्यवसाय गरिरहनुभएको छ । पाण्डेले यसअघि सामाजिक सञ्जालमार्फत भेन्टिलेटरमा रहेका एक बिरामीका लागि रु ४० हजार र मिर्गौला समस्या भएका व्यक्तिलाई रु एक लाख तीन हजार सहयोग सङ्कलन गरी हस्तान्तरण गर्नुभएको थियो । उहाँले सामाजिक सञ्जालको सदुपयोग गरी समाजमा सकारात्मक काम गर्न सकिने धारणा राख्नुभयो ।

शुक्लागण्डकी नगरपालिकाको रु १७ लाख र स्थानीयवासीको रु तीन लाख गरी रु २० लाखको लागतमा गौ संरक्षण केन्द्र निर्माण गरिएको थियो । छाडा छोडिएका पशुचौपायाका कारण राजमार्गमा सवारी दुर्घटना हुने, यातयात जाम हुने, बालबालिका, महिला तथा ज्येष्ठ नागरिक त्रसित हुने, चौपायाको मलमूत्रले बजार क्षेत्र दुर्गन्धित हुन थालेपछि नगरपालिकाले संरक्षण केन्द्र स्थापना गरेको थियो । दूध दिन छाडेपछि कृषकले जथाभावी गाईवस्तु छाडिदिने गरेकाले ती पशुको व्यवस्थापनका लागि केन्द्र स्थापना गरिएको नगर कार्यालयले जनाएकोछ ।

हाल गौ संरक्षण केन्द्रको व्यवस्थापन मुक्तिनाथ च्वयनधामले गरिरहेको छ । च्वयनधामका अध्यक्ष होमनाथ लम्सालले केन्द्रका लागि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाले विविध अवसर पारी सहयोग गर्दै आउनुभएको जानकारी दिनुभयो ।

# तनहुँमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुग्यो

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ चैत



तनहुँमा शैक्षिक सत्र अगावै पाठ्यपुस्तक आइपुगेको छ । शैक्षिक सत्र २०८२ सुरु हुनुपूर्व नै जिल्लामा सबै पाठ्यपुस्तक आएको हो ।

सामुदायिक विद्यालयका एक सय प्रतिशत र निजी विद्यालयका ९५ प्रतिशत पुस्तक जिल्लामा आइसकेको पुस्तक व्यवसायी महासङ्घका केन्द्रीय कोषाध्यक्ष ताराराम श्रेष्ठले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निजी विद्यालयका केही पुस्तक मात्रै आउन बाँकी छन् । अरु सबै आइसक्यो ।" जनक शिक्षा सामग्रीमार्फत् सबै पुस्तक जिल्लामा आइपुगेको उहाँले जानकारी दिनुभयो । विगतका वर्ष जस्तै यस वर्ष पनि शैक्षिक सत्र अगावै जिल्लामा पाठ्यपुस्तक आएको उहाँको भनाइ छ । जिल्लाभर ६० पुस्तक व्यवसायी छन् । सबै व्यवसायीले केही दिनमै पाठ्यपुस्तक बिक्री वितरण थाल्ने उहाँले बताउनुभयो । जिल्लामा समयमै पाठ्यपुस्तक आएकाले विगतका वर्षमा जस्तो समस्या नहुने शिक्षा विकास तथा समन्वय इकाइ तनहुँका प्रमुख उद्धवराज कट्टेलको भनाइ छ । इकाइका अनुसार तनहुँमा पाँच सय ५१ सामुदायिक र एक सय १९ निजी विद्यालय छन् । आँबुखैरेनी गाउँपालिका-४ भाँगेस्थित छिम्केश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले आज विद्यालयमै पाठ्यपुस्तक आइपुग्ने जानकारी दिनुभयो । भर्ना अभियानसँगै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "वैशाख २ गतेदेखि कक्षा सञ्चालन हुँदैछ । भोलिदेखि नै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिनेछ ।"

आँबुखैरेनी गाउँपालिका-६ छिम्केश्वरीस्थित कन्यादेवीमाध्यमिकविद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले समयमै पाठ्यपुस्तक आएकाले सहज भएको बताउनुभयो ।

# व्यास नगरपालिकाको 'शीतभण्डार' सञ्चालनमा

**पोखरापत्र संवाददाता**
तनहुँ, २३ चैत

व्यास नगरपालिका-११ गैह्राबारीमा तीन रोपनी क्षेत्रफलमा निर्माण गरिएको शीतभण्डार शुक्रबारदेखि औपचारिक रूपमा सञ्चालनमा ल्याइएको छ ।

यासनगर प्रमुख बैकुण्ठ न्यौपानेले आलु भण्डारण गरेर सो शीतभण्डार उद्घाटन गर्नुभयो । एक सय तीस मेट्रिक टन क्षमताको भण्डार गण्डकी प्रदेश सरकार र व्यास नगरपालिकाको संयुक्त लगानीमा शीतभण्डार निर्माण गरिएको हो । शीतभण्डार निर्माणका लागि विसं २०७८ भदौ १३ गते निर्माण कम्पनीले सम्झौता गरी निर्माणकार्य अघि बढाइएको थियो । विद्युत् प्राधिकरणले थ्री फेजको ट्रान्समिटर जडान गरेपछि शीतभण्डार सञ्चालनमा ल्याइएको व्यास नगरपालिका योजना शाखा अधिकृत भेषराज तिवारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रारम्भिक ठेक्का रकम रु एक करोड ६२ लाख ३२ हजार दुई सय ४६ रहेकोमा थप रु उन्नाइस लाख ९८ हजार छ सय २७ वृद्धि भई करसहित कूल लागत रु करोड ९१ लाख ३२ हजार सात सय २२ रुपैयाँ पुगेको छ । विसं २०८० असोज महिनामा पहिलो चरणको निर्माणकार्य सम्पन्न गरी गत असार मसान्तभित्र दोस्रो चरणमा कमाउण्ड, प्रवेशद्वार, शौचालय लगायतका भौतिक संरचना निर्माण गरिसकिएको छ ।

भवन लगायतका भौतिक संरचना निर्माणकार्य यसअघि नै सम्पन्न गरिए पनि विद्युत् ट्रान्समिटर जडान कार्यमा ढिलाइ हुँदा सञ्चालनमा ढिलाइ हुन गएको प्रमुख प्रशासकीय अधिकृत काशीराम गैरेले जानकारी दिनुभयो । वर्षौंदेखि व्यक्तिले कब्जा गरी भोगचलान गर्दै आएको सार्वजनिक जग्गा नगरपालिकाले संरक्षण गरी शीतभण्डार निर्माण गरेको हो । यस आर्थिक वर्षदेखि व्यास नगरपालिकामा उत्पादन भएका आलु, सुन्तला लगायतका फलफूल र तरकारी स्टोरमा राख्ने गरी सञ्चालनमा ल्याइको छ ।

नगरपालिकामा शीतभण्डार निर्माण भएपछि वार्षिक करिब रू चार/पाँच करोड बाहिरिनबाट रोकिने व्यास नगरप्रमुख न्यौपानेले बताउनुभयो । व्यासमा चिस्यान केन्द्र सञ्चालनमा ल्याएपछि आलु, फलफूल, तरकारीलगायतका वस्तु शीतभण्डारमा राख्नका लागि पोखरा र चितवन लैजानुपर्ने समस्याकोअन्त्यहुनेउहाँकोविश्वास छ । यस शीतभण्डार सञ्चालनमा आएसँगै कृषि उपज भण्डारणमा सहज हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । विशेष गरी आलु, तरकारी तथा अन्य कृषि उपजको दीर्घकालीन भण्डारण गरी बजारमा मूल्य सन्तुलन कायम गर्न शीतभण्डारको महत्त्वपूर्ण हुने नगरपालिकाले जनाएको छ ।

# शान्ति निकेतनमा पूर्व आधारभूत तहका विद्यार्थी दीक्षित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत



पोखरा ५ पर्स्याङ स्थित शान्ति निकेतन स्कुलमा पूर्व आधारभूत तहका विद्यार्थीको दीक्षान्त समारोह सम्पन्न भएको छ ।

विद्यालयले शनिबार एक समारोहकाबीच पूर्व आधार भूत तह (यूकेजी) का ६५ जना विद्यार्थीलाई दीक्षित गरेको हो । यस्तै, विद्यालयमा अध्ययनरत नर्सरीदेखि कक्षा ९ सम्मका उत्कृष्ट विद्यार्थीलाई शैक्षिक पुरस्कार पनि वितरण गरेको छ । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका, शिक्षा महाशाखाका शिक्षा अधिकृत सोमनाथ भण्डारीले विद्यालयले प्राप्त गरेको शैक्षिक उपलब्धिलाई मुक्तकण्ठले प्रशंसा गरे । भण्डारीले पोखरा महानगरका २७५ विद्यालयमध्ये यस विद्यालय नतिजाका आधारमा उत्कृष्ट १० भित्र रहेको उल्लेख गरे । भौतिक पूर्वाधार निर्माणसँगै उत्कृष्टतालाई निरन्तरता दिई सर्वोत्कृष्ट बन्न उनले शुभकामना दिए । विद्यालयका संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले विद्यालयले समयसापेक्ष शैक्षिक योजना तथा रणनीतिहरुलाई अवलम्वन गर्दै विद्यार्थीका सर्वाङ्गिण विकासमा केन्द्रीत भई उत्कृष्ट पठनपाठन गरिरहेको जनाए । डा. पराजुलीले झण्डै १४ करोड लगानीमा नयाँ भवन निर्माण कार्य सुरु भएको जनाउँदै विद्यालयको लगानी बढेपनि हाललाई शुल्क नबढाइने स्पष्ट पारे । संस्कारयुक्त शिक्षा तथा जीवनपयोगी सीपलाई प्रमुख आधार मान्दै आउँदा दिनमा विद्यालय अघि बढ्ने उनले प्रतिबद्धता जनाए । कार्यक्रमको अध्यक्षतासमेत गरेका विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्णमणि भुर्त्यालले प्राचार्य र शिक्षकहरुको लगाव र विद्यार्थीको मेहनतले हासिल गरेको विद्यालयको शैक्षिक उपलब्धिमा सन्तुष्ट रहेको बताए । कार्यक्रममा धर्मस्थली आधारभूत विद्यालयकी प्रधानाध्यापक वदनकुमारी शर्माले शान्ति निकेतन स्कुल पोखराकै गौरवलायक शैक्षिक संस्था रहेको बताइन् ।

विद्यालयका सहप्राचार्य यदुविलास भुर्त्यालले स्वागत तथा विद्यालयका परीक्षा विभाग प्रमुख हेम सुवेदीले कार्यक्रम सञ्चालन गरेका थिए । विद्यालयमा सर्वोत्कृष्ट विद्यार्थीहरू नोरा गुरूङ र प्रसिद्धि बरालसँगै वर्षभर एक दिन पनि अनुपस्थित नभई शत प्रतिशत हाजिर हुने शिक्षक भुवानीप्रसाद अधिकारी र शिक्षिका जमुना भुजेललाई पनि सम्मान गरिएको थियो ।

# काठमाडौंवासीलाई फेवा महोत्सवको निम्ता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

होटल संघ पोखरा नेपालले यही चैत ३० गतेदेखि आगामी वैशाख १ गतेसम्म लेकसाइडमा आयोजना गर्न लागेको २० औं फेवा नव वर्ष महोत्सवमा सहभागि हुन काठमाडौंवासीलाई आमन्त्रण गरेको छ।

होटल संघ नेपाल र होटल संघ पोखरा नेपालले शुक्रबार काठमाडौंमा संयुक्त पत्रकार सम्मेलन गरी काठमाडौं उपत्यकावासीलाई महोत्सवमा भाग लिई नेपाली नयाँ वर्ष भव्य रुपमा मनाउन निम्ता प्रदान गरिएको हो।

कार्यक्रममा बोल्दै हानका केन्द्रिय अध्यक्ष विनायक शाहले फेवा महोत्सव पोखराको स्थापित कार्यक्रम मध्ये एक हुन पुगेको बताउँदै शहरलाई चयायमान बनाउन महोत्सव सहयोगी भएको भनाई राखे। पोखरा महानगरपालिकाले घोषणा गरेको भिजिट पोखरा इयर २०२५ अन्तर्गत लक्ष्य लिइएको २० लाख पर्यटक पोखरा भित्र्याउन समेत महोत्सवले सघाउने विश्वास अध्यक्ष शाहले व्यक्त गरे। पोखराबाट चीनका विभिन्न शहरमा अन्तर्राष्ट्रिय हवाई उडान सुरु हुनु र विभिन्न शहरबाट पोखरा जोड्ने सडकहरु समेत सुधार हुँदै




जानु सकारात्मक पक्ष भएको उनले बताए। नेपालको होटल क्षेत्रले ३५ लाख पाहुनालाई सेवा दिन सक्ने तथ्याङ्क सुनाउँदै उनले देशको समृद्धिको आधार पर्यटन हुन सक्ने भनाई राखे। ठूला शहरहरु प्रदूषणको चपेटामा परेको तर्फ सरकार गंभीर बन्नुपर्ने सुझाव पनि उनको थियो।

कार्यक्रममा होटल संघ पोखरा नेपालका निवर्तमान अध्यक्ष विकल तुलाचनले फेवा महोत्सवको तयारी अन्तिम चरणमा पुगेको जानकारी गराए। पर्यटन, संस्कृति र खाना फेवा महोत्सवको मुख्य आकर्षण रहने उनले बताए। पछिल्लो समय नेपाली नयाँ वर्षलाई पनि उल्लासपूर्ण रुपमा मनाउने प्रचलन बढ्दै गएको निवर्तमान अध्यक्ष तुलाचनले स्मरण गराए। महोत्सवका अवसरमा आयोजक संघले पोखरा आउने पाहुनालाई २० प्रतिशत छुट प्रदान गर्ने जानकारी पनि उनले दिए। संचारकर्मीले राखेका विभिन्न जिज्ञासाको उत्तर तुलाचनले दिएका थिए। कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी कार्यालयका प्रमुख मणिराज लामिछानेले पोखरालाई भाइब्रेन्ट सिटिका रुपमा अगाडि बढाउन महोत्सव सहयोगी हुने विश्वास व्यक्त गरे। यही अभियानमा टेवा पुग्नेगरी बोर्डले महोत्सवलाई सघाइरहेको बताउँदै उनले पोखरा र चीन जोड्ने गरी हालै केही अन्तर ष्ट्रिय उडानहरु पनि हुनु सकारात्मक पक्ष भएको भनाई राखे। आयोजक संघका अध्यक्ष एवं महोत्सवका संयोजक लक्ष्मण सुवेदीले पोखराको खहरेदेखि ड्यामसाइडसम्मको सडकमा आयोजना हुने महोत्सवमा निःशुल्क प्रवेशको व्यवस्था गरिएको बताए। नेपाली संस्कृतिको जगेर्ना गर्दै पोखराको पर्यटन प्रवर्द्धन गर्ने र पर्यटकहरुको बसाई अवधि लम्ब्याउने महोत्सवको थप उदेश्य रहेको संयोजक सुवेदीले जानकारी दिए। कार्यक्रममा संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक दीपक श्रेष्ठले उपस्थित सबैप्रति धन्यवाद प्रकट गरे। प्रदेशस्तरीय मौलिक तथा रैथाने परम्परागत खानाको प्रदर्शन, सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मनोरञ्जनात्मक खेलकुद कार्यक्रम र पर्यटक दौड प्रतियोगिता महोत्सवका आकर्षण रहने आयोजक संघका द्वितीय उपाध्यक्ष एवं महोत्सवका सहसंयोजक गणेशराज पहारीले जानकारी दिए। व्याडमिन्टन कप, स्थानीय एवम् प्रख्यात कलाकारद्वारा प्रत्यक्ष पप कन्सर्ट, कृषि एवम् हस्तकलाका सामानहरुको प्रदर्शनी तथा स्थानीय तथा प्रख्यात कलाकारद्वारा लोक दोहोरी कार्यक्रम पनि प्रस्तुत हुने उपाध्यक्ष पहारीले बताए। महोत्सवको मुख्य प्रायोजक गोर्खा ब्रुअरी प्रा.ली, सह प्रायोजक वरुण वेभरेज लि.को पेप्सी, प्रायोजकहरुमा बन्दीपुर केवलकार लि. फोन पे, अन्नपुर्ण केवलकार लि, टोकला चिया रहेका छन्। इन्स्योरेन्स पार्टनरमा प्रभु इन्स्योरेन्स कम्पनी र प्रवर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिकका रहने छन्।

# पोखरा आदर्श माविमा १२ का विद्यार्थीलाई बिदाई

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत



पोखराको बगर स्थित पोखरा आदर्श मा वि मा अध्ययनरत १२ कक्षाका विद्यार्थीलाई बिहीवार एक सास्कृतिक कार्यक्रम गरि बिदाइ गरिएको छ।

कक्षा १२ को अन्तिम परीक्षाको तयारीमा रहेका विद्यार्थीका लागि कक्षा ११ मा पढ्ने बिध्यार्थीहरु ले सो कार्यक्रम आयोजना गरेका हुन्। कार्यक्रमलाई रमाइलो गर्न नौमती बाजा बजार नाचगान गरिएको थियो। दुई दर्जन नृत्य र गायनले कार्यक्रमको आकर्षण बनेको थियो। विद्यालय सञ्चालक समिति अध्यक्ष कमलराज सापकोटाको सभापति रहेको उक्त कार्यक्रम बिन्दुबासिनी संस्कृत क्याम्पसका प्रमुख आनन्दमणि रिजालले उद्घाटन गरेका थिए। बिदाइ भई जाने विद्यार्थीलाई शुभकामना दिँदै अध्यक्ष सापकोटाले सबैको मेहनतले विद्यार्थीको भविश्य सफल र सरल बनाउनु पर्ने बताए। प्रमुख अतिथी रिजालले अहिलेका विद्यार्थीहरु जोजिला र जुजारु भएको धारण व्यक्त गरि सबैलाई शुभकामना दिए। कार्यक्रम निर्देशक नारायण न्यौपानेले "बार्हका बार्ह उत्कृष्ट" विद्यार्थीलाई सम्मान गर्ने कार्यक्रम संचालन गरि विभिन्न बिधामा दुई वर्ष राम्रो गर्ने विद्यार्थी लाइ प्रमाणपत्र र मायाको चिनो प्रदान गरेका थिए। न्यौपाने विद्यार्थी लाई हौसाउदै भने, "हाम्रो तीन निर्णायक सदस्यहरुले सम्मान नगरेका विद्यार्थी निरासन हुनु जरुरी छैना तिमीहरु आ आफ्नो नजरमा राम्रो बन्नु। असल बन्नु।" प्रदिप सुनार, रितु अधिकारी, अनिश अधिकारी, खुम बहादुर थापा, दिया पाइजा, बिजय पुन, दीक्षा मगर, अनिश गौतम, रोहित जङ कुवर, सदिक्षा ढुंगाना, आशिका दुवाडी र सलिना जैसी विभिन्न बिदा अंतरगत सम्मानित भएका थिए। उत्कृष्ट विद्यार्थीका रुपमा सम्मानित प्रदिप सुनार भन्छन्, "सानै कक्षाबाट म यो स्कुलमा पढेको हो। एक पटक जो कोहि पनि यो स्कुलसग सम्बन्ध जोड्छ सो ब्यक्ति सधैका लागि स्कुल सग रहिरहन मन गछ।" उप प्राचार्य ग्यानेश्वर सुबेदिका अनुसाए यस्ता प्रतिभाशाली विद्यार्थीले स्कुलमा बिताएको अवधिले विद्यार्थीलाई मात्र नभई विद्यालयलाई पनि ऊर्जा मिलेको बताए। त्यतैगरि गत बर्ष राष्ट्रिय परीक्षा बोर्डद्वारा प्रकाशित कक्षा १२ को बोर्ड परीक्षामा सर्वोत्कृष्ट ३.८७ जि.पि.ए सहित उत्तीर्ण भई पोखरा विश्वविद्यालयको प्रवेश परीक्षामा पहिलो स्थानमा नाम प्रकाशि त गर्न सफल एवम् त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थानद्वारा सञ्चालित प्रवेश परीक्षा -२०८१ मा उत्कृष्ट नतिजा हासिल गर्ने यस स्कुलका विद्यार्थी कपिल भन्डारीलाई पनि सम्मान गरिएको थियो। स्कुलकी नेपाली शिक्षक ज्योति त्रिपाठि चालिसेले संचालन गरेको उक्त कार्यक्रममा प्रधानाध्यापक फणीन्द्र प्रसाद अधिकारिले विद्यालयले कक्षा १२ सम्म दिएको शिक्षा र असल संस्कृति जीवनको हरेक सफलताको आधार बनोस् भन्दै परीक्षामा सफलताको शुभकामना प्रकट गरे। कक्षा १२ का विद्यार्थीलाइ प्राध्यापक शिक्षक कुसल तिमिल्सिना, बलराम सुवेदी, अर्जुन श्रेष्ठ, हरि देवकोटा, कृष्ण सुनार, कृष्ण पौडेल, बिमला सुवेदी, रामचन्द्र अधिकारी, नवीन अधिकारी, एकनारायण भण्डारीले मायाको चिनो प्रदान गरेका थिए।

# चैते दसैंमा बागलुङ कालिकामा भक्तजनको भिड

**रासस**
बागलुङ, २३ चैत

शनिबार चैत्र शुक्ल अष्टमी अर्थात् चैते दसैं। बागलुङ कालिका मन्दिरमा बिहानैदेखि भक्तजनको घुइँचो लागेको छ। बागलुङ तथा जिल्ला बाहिरबाट आउने भक्तजनका लागि विहानै ४ बजेदेखि मन्दिर खुला गरेपछि भक्तजनको घुइँचो लागेको हो।

बागलुङमा चैते दसैंलाई भव्य रूपमा बनाउने गरिन्छ। चैते दसैंका अवसरमा भारतीय पर्यटकको पनि उल्लेख्य उपस्थिति छ। चैते दसैंलाई बागलुङको पहिचानका रुपमा समेत लिइन्छ। भक्तजनको घुइँचो बढेपछि बागलुङ भगवती गुठी व्यवस्थापन समितिले सुरक्षाकर्मी परिचालन गरेर पूजाआजा गर्ने व्यवस्था मिलाएको बागलुङ कालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले जानकारी दिनुभयो। गण्डकी प्रदेशकै प्रसिद्ध शक्तिपिठ मानिने कालिका मन्दिरमा पूजाआराधना गरेमा



मनोकाक्षा पूरा हुने जनविश्वास छ।

मन्दिरमा बोका, राँगा, कुखुरालगायतको बलि चढाइनाका साथै शान्तिको प्रतीक परेवा उडाउने गरिन्छ। चैते दसैंका अवसरमा लाग्ने तीन सय वर्ष पुरानो मेला पनि चैत २० गतेदेखि सुरु भएको छ। मेला २५ गतेसम्म सञ्चालन हुने अध्यक्ष खड्काले बताउनुभयो। मेलाको अवसरमा लोकदोहोरी गीत प्रतियोगिता, कालिका कप पुरुष तथा महिला भलिबल प्रतियोगिता, खुला छेलो फाल्ने प्रतियोगिता आयोजना गरिएको छ। पर्यटन प्रवर्द्धन, संस्कृतिको संरक्षण, स्थानीय उत्पादनको प्रचारप्रसार र परम्पराको निरन्तरता दिने उद्देश्यले मेला आयोजना गरिएको अध्यक्ष खड्काको भनाइ छ।

# धार्मिक पर्यटकीयस्थल मालिकाधुरी जोड्ने सडक निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ चैत

जिल्लाको रघुगङ्गा गाउँपालिका-६ ठाडाखानीबाट धार्मिक पर्यटकीयस्थल मालिकाधुरी जोड्ने सडक निर्माण भएको छ। गाउँपालिका र ठाडाखानीका बासिन्दाको करिब रु ६० लाखको लगानीमा ठाडाखानीबाट मालिकाधुरी नजिकैको देउरालीसम्म पाँच किलोमिटर सडक निर्माण भएको हो।

रघुगङ्गा-६ का वडासदस्य टेकजित छन्त्यालले पाँच वर्षको प्रयासपछि सडकको ट्याक खोलिएको जानकारी दिनुभयो। "गाउँपालिकाले यो सडक निर्माणका लागि चालु आर्थिक वर्षमा रु आठ लाखसहित पछिल्लो पाँच वर्षयता रु ४२ लाख खर्च गरेको छ", उहाँले भन्नुभयो, "स्वदेश तथा विदेशमा रहेका ठाडाखानी बासिहरूले थप रु १८ लाख बढी चन्दा सङ्कलन गरेर देउरालीसम्म सडक पुऱ्याइएको हो।" सडकमा जिप, मोटरसाइकल र ट्याक्टर सञ्चालन हुन थालेपछि स्थानीयका साथै मालिका जानेआउने भक्तजन र पर्यटकलाई सहज भएको छ। यसअघि ठाडाखानीबाट मालिकाधुरी जानका लागि तीन घण्टा उकालो, जङ्गल र खोल्सा हुँदै यात्रा गर्नुपर्ने समस्या थियो। सडकमा सवारीसाधन गुड्न थालेपछि ठाडाखानीबाट ३० मिनेटमा देउराली र देउरालीबाट ३० मिनेट हिडेर मालिकाधुरीमा पुग्न सकिने भएको ठाडाखानीका स्थानीय मन छन्त्यालले बताउनुभयो। उहाँका अनुसार सडकको अन्तिम बिन्दु देउरालीमा स्थानीयको सहयोगमा आश्रयस्थल निर्माण थालिएको छ। देउरालीमा करिब ५० वटा सवारीसाधन राख्न सकिने पार्किङस्थल पनि निर्माण भएको छ। रघुगङ्गा गाउँपालिकाको रु १० लाख, रघुगङ्गा-८ घर भई हाल बुटवल बस्ने खिममाया र भरत छन्त्यालको रु आठ लाख लगानीमा देउरालीमा खानेपानीको सुविधा पुऱ्याइएको मनले जानकारी दिनुभयो।

समुन्द्री सतहबाट तीन हजार ४०० मिटर उचाइमा रहेको मालिकाधरी मालिका र रघुगङ्गा गाउँपालिकाको सिमानामा पर्दछ। यहाँबाट धौलागिरि र अन्नपूर्ण रेञ्जका दर्जनबढी हिमालका साथै सुर्योदय, सुर्यास्त, पहाडी भूगोल र वनजङ्गलको अवलोकन गन सकिन्छ। चण्डी, जेष्ठी र कार्तिक पुर्णिमामा विशेष दर्शन र पूजाआजा हुने यस मन्दिरको दर्शन गरेका मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ। विसं १९१० देखि पूजाआजा हुन थालेको इतिहास रहेको मालिकामा कालिका, मालिका र जालपादेवीको मुर्ति रहेका छन्।

# 'टिकटकमा लाइभ' बस्दा ...

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ चैत

बेनीको कालीपुल बसपार्कमा रहेको म्याग्दी कोशेली घरकी सञ्चालक डिलकुमारी गुरुङ दैनिकजसो एक घण्टा सामाजिक सञ्जाल 'टिकटकमा लाइभ' बस्नुहुन्छ।

उहाँले मनोरञ्जन र सूचना अदानप्रदानका लागि नभएर स्थानीय उत्पादनको बजारीकरण गर्न सामाजिक सञ्जाल टिकटकलाई प्रयोग गर्नुभएको हो। "समाजिक सञ्जाललाई मनोरञ्जन र समय बिताउन मात्र नभएर ब्यापार व्यवसायमा पनि प्रयोग गर्न सकिदो रहेछ," उहाँले भन्नुभयो "टिकटकको सहायताले मासिक रु. तीन देखि चार लाख मूल्य बराबरको सामान बिक्री गर्दै आएकी छु।"

'टिकटक'को प्रयोग गर्न थालेपछि उद्यमीहरूले उत्पादन गर्ने सामान खरिद गर्न देखि उपभोक्ता र जिल्ला बाहिरका ब्यापारीलाई बिक्री गर्न सजिलो भएको गुरुङको अनुभव छ। "पहिले पसलमा आवश्यक पर्ने सामान जुटाउन र मासिक रु. एक लाखको सामान बेच्न पनि मुस्किल थियो," उहाँले भन्नुभयो " 'टिकटक' मार्फत अर्डर लिएर मासिक रु. चार लाख सम्म सामान बेच्छु। 'टिकटक'कै सहयोगमा गाउँ गाउँमा दिदीबहिनीले उत्पादन गरेका सामान खरिद गर्छु।"

'टिकटक'मा सामानको भिडियो सहित आफ्नो सम्पर्क नम्बर राख्ने गर्नुहुन्छ। सोही ' भिडियो' हेरेर ग्राहकले सामान अर्डर गर्ने र आफ्नो खातामा पैसा जम्मा गरेपछि गाडी र कुरियर मार्फत सामान पठाउने गरेको गुरुङले बताउनुभयो। म्याग्दी उद्योग वाणिज्य सङ्घले स्थापना गरेको पर्यटक सूचना केन्द्रको भवनको सटरमा गुरुङले गत असार महिनादेखि कोशेली घर सञ्चालन गर्नुभएको थियो।

कोशेली घरमा म्याग्दीका उद्यमीले उत्पादन गर्ने ढाका, अल्लो, तानमा बुनेका कपडा, राडीपाखी, जातीय पोशाक, नेपाली हाते कागज, भाँगो, कालो भट्ट, रातो च्याउ, सिमीको दाल, सिस्नो पाउडर, घर र भिरमह, टिमुर लगायत वस्तुहरू खरिद बिक्री हुन्छ। पोखरा, काठमाडौं, बुटवल, चितवनका ब्यापारी र विदेशमा रहेका नेपालीहरू ' टिकटक'को माध्यमबाट कोशेली घरका सञ्चालक गुरुङको सम्पर्कमा आउँछन्। विदेशमा रहेका नेपालीका आफन्तलाई सम्पर्क गरेर सामान पठाउने र भुक्तानी लिने गरेको गुरुङले बताउनुभयो। बेलायत, अस्ट्रेलीया, जापान, पोर्चुगल, अमेरिकामा रहेका नेपालीहरूले सामान माग गर्छन्। सिस्नोको पाउडर, टिमुरको चटनी, फापरको पिठोको विदेशबाट धेरै माग आउने गरेको गुरुङले बताउनुभयो। म्याग्दी उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुविन श्रेष्ठले कोशेली घर सञ्चालन गरेपनि स्थानीय उद्यमीले तयार पारेका कृषि, पशु र लघुउद्योगको उत्पादन बजारीकरणमा सहयोग पुगेको बताउनुभयो। यहाँ आउने पाहुनाहरू फर्किएर जाँदा चिनो स्वरुप कोशेली घरबाट सामान किनेर लैजाने गर्छन्।

# लायन्स क्लब अफ पोखरा डल्फिनको शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २३ चैत

लायन्स क्लब अफ पोखरा डल्फिनको आयोजनामा शनिबार पोखरामा भएको स्वास्थ्य सिबिरबाट ६५ जना लाभान्वित हुनु भएको छ।

पोखरा को ओम हस्पिटल बास्तोलाथर तथा गोरखा मेडिकल हल महेन्पुलको प्राबिधिक सहयोगमा पोखराका विशेषज्ञ डाक्टरहरुद्वारा ६५ जना सेवाग्राहीको निःशुल्क रुपमा स्वास्थ्य परिक्षण गरिएको क्लवले जनाएको छ। क्लबका संस्थापक अध्यक्ष लायन रामबहादुर बल्कोटीको छोरा स्व.कुशल बल्कोटीको स्मृतिमा तथा क्लबको नियमित कार्यक्रम अन्तरगत उक्त कार्यक्रमको आयोजना गरिएको बताइन्छ।

कार्यक्रमका प्रमुख अतिथि लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ आई नेपालका डिष्ट्रिक्ट गभर्नर बिनोद ढुंगानाले उदघाट्न गर्नुभएको थियो। कार्यक्रमका विशेष अतिथि ईलेक्ट डिष्ट्रिक्ट गभर्नर पार्वती खरेल पाण्डे,ओम हस्पिटलका अध्यक्ष डा. अर्जुन आचार्य अन्य वरिष्ठ डाक्टरहरु, डिष्ट्रिक्टका पदाधिकारी ज्युहरु, पत्रकार साथै क्लबका पूर्व अध्यक्षहरु तथा क्लबका अन्य सदस्यहरुको उपस्तिथि रहेको थियो।

कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभाव प्रति क्लबका संस्थापक अध्यक्ष लायन रामबहादुर बल्कोटीले धन्यवाद ज्ञापन समेत गर्नु भएको छ।